# स्थानीय राजपत्र


## दिप्रुङ चुइचुम्मा गाउँपालिकाद्वारा प्रकाशित

खण्ड-६ सङ्ख्याः २ मितिः२०८०/०३/१७


## भाग-१

## विनियोजन ऐन, २०८०

प्रस्तावनाः दिप्रुङ चुइचुम्मा गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उपधारा  बमोजिम (२)दिप्रुङ चुइचुम्मा गाउँ सभाले यो ऐन बनाएको छ ।

**१ संक्षिप्त नाम र .प्रारम्भः** यस ऐनको नाम (१) “दिप्रुङ चुइचुम्मा गाउँपालिकाको विनियोजन ऐन, २०८०” रहेको छ ।

(२यो ऐन तुरुन्त प्रारम्भ हुनेछ । (

**२२० आर्थिक वर्ष .८०/८१ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः**

२ आर्थिक वर्ष (१)०८०/८१ को निमित्त गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची-१ मा उल्लिखित चालू खर्च, पूँजिगत

खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ५०,२१,००,००० अक्षेरुपी)**पचास करोड एक्काइस लाख रुपैया मात्र**मा नबढाई निर्दिष्ट गरिए बमोजिम ( सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

**३**यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम (१) **विनियोजनः .** २ आर्थिक वर्ष०८०/८१ को निमित्त दिप्रुङ चुइचुम्मा गाउँपालिको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका (१) उपदफा (, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकमा जम।मा स्वीकृत रकमको पच्चीस प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिने पर्नेछ।

अनुसूची–१

(दफा २ सँग सम्बन्धित(

## नेपालको संविधानको धारा २२९ बमोजिम (२)

## संञ्चित कोषबाट विनियोजन हुने रकम

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | गाउँ कार्यपालिका | ८,४४,६६,००० | १,५०,००,००० | ० | ९,९४,६६,००० |
| २ | | वडा समिति | १०,०८,१५,००० | १,६३,७९,००० | ० | २,७१,९४,००० |
| ३ | | विषयगत शाखा | २९,७०,४०,००० | ७,८४,००,००० | ० | ३७,५४,४०,००० |
| ४ | | ऋणको सावा व्याज भुक्तानी | ० | ० | ० | ० |
| ५ | | लगानी (शेयर/ ऋण) | ० | ० | ० | ० |
| | | | | | **कुल विनियोजित रकम** | **५०,२१,००,०००** |

प्रमाणिकरण मिति २०८०/०३/१७

आज्ञाले,

लोकेन्द्र बहादुर राई

प्रमुख प्रशासकीय अधिकृत